# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०८।२३ गते।

# प्रेस विज्ञप्ति

**विषयः** <u>भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस कार्यक्रम सम्पन्न।</u>

'UNCAC at 20: Uniting the World Against Corruption' भन्ने आदर्श पदावलीका साथ भ्रष्टाचार बिरुद्धको २० औं अन्तर्राष्ट्रिय दिवस *-डिसेम्बर ९*, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त प्रेम कुमार राईको अध्यक्षतामा आज मिति २०७९/०८/२३ गते आयोगको सभाहलमा सम्पन्न भयो। कार्यक्रमका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाले आजको दिन भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय प्रतिबद्धताप्रति ऐक्यबद्धता जाहेर गर्ने दिन भएकोले भ्रष्टाचारलाई कडाइका साथ नियन्त्रण र निर्मूल गरी स्वच्छ, स्वस्थ, नैतिक र विकसित समाजको निर्माण गर्न हामी सबै प्रतिबद्ध हुन आवश्यक रहेको बताउनु भयो।

उहाँले समाजको कलङ्कको रूपमा रहेको भ्रष्टाचारलाई नियन्त्रण गर्न, त्यस्ता गतिविधिबाट टाढै रहन र भ्रष्टाचारजन्य कार्यका विरुद्ध आवाज मुखरित गरी सदाचार कायम गर्न आजको दिनले हामी सबैमा प्रेरणा प्रदान गर्ने अपेक्षा लिएको बताउदै भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीतिलाई राज्यका सबै संयन्त्र र तहमा कडाइका साथ कार्यान्वयन गर्न सम्बन्धित सबैलाई आग्रह गर्नुभयो। भ्रष्टाचार नियन्त्रणको अन्तर्राष्ट्रिय दायित्वप्रति नेपाल सरकार पूर्ण प्रतिवद्ध रहेको उल्लेख गर्दै भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको कार्यान्वयनका लागि राष्ट्रिय कार्ययोजना तर्जुमा भई संघ, प्रदेश र स्थानीय तहको समन्वयमा कार्यान्वयन भईरहेको बताउनुभयो । साथै भ्रष्टाचार नियन्त्रण सम्बन्धी कानूनमा समसामयिक सुधार गर्दै अघि बढ्न सरकार प्रतिवद्ध रहेको उल्लेख गर्नुभयो।

भ्रष्टाचारको दुष्परिणाम वर्तमानमा मात्र नभई भावी पिँढीले समेत भोग्नुपर्ने भएकोले यसलाई तत्काल नियन्त्रण गर्न भ्रष्टाचार विरुद्ध नियमित रुपमा सचेतनाका अभियान सञ्चालन गर्नुपर्ने तर्फ सम्बन्धित सबैको ध्यानाकर्षण गर्नुभयो। भ्रष्टाचारजन्य कसुरको अनुसन्धान र अभियोजनका साथै भ्रष्टाचारको रोकथाम र सचेतना अभिवृद्धि लगायतका उल्लेखनीय कार्यहरूका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई नेपाल सरकारको तर्फबाट धन्यवाद दिनुभयो ।आगामी दिनमा भ्रष्टाचार नियन्त्रणको क्षेत्रमा थप क्रियाशील भई भ्रष्टाचार विरुद्धको लडाइँमा उल्लेखनीय सफलता हासिल गर्न सकोस् भनी शुभकामना दिँदै सम्माननीय प्रधानमन्त्रीले भ्रष्टाचार नियन्त्रणका लागि नेपाल सरकारको तर्फबाट आयोगलाई सधै सहयोग प्राप्त हुने विश्वास दिलाउनु भयो ।

भ्रष्टाचार नियन्त्रण राज्यको कुनै एउटा अङ्ग वा निकायको मात्र जिम्मेवारीको विषय नभएकोले यसलाई परास्त र निस्तेज गर्न भ्रष्टाचार विरुद्धको अभियानमा आयोग, अदालत लगायतका राज्यका सबै संयन्त्र, नागरिक समाज, निजी क्षेत्र र सञ्चार जगतको पनि सहयोग आवश्यक रहेको तर्फ विशेष जोड दिनुभयो।
भ्रष्टाचारजन्य कार्य विरुद्ध सहिष्णु बन्ने तथा तटस्थ र निष्क्रिय रहने प्रवृत्तिको अन्त्य गरी सदाचार र सुशासनलाई राज्यको हरेक तह र तप्कामा संस्थागत गर्ने अभियानमा सहभागी हुन सबैलाई हार्दिक आह्वान गर्नुभयो।

कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास वैरागीले नेपाल लगायत विश्वका धेरै देशमा भ्रष्टाचार एउटा ठूलो सामाजिक रोगको रूपमा रहेको सन्दर्भमा यो दिवसले भ्रष्टाचार निवारणको अभियानमा सम्बन्धित सरोकारवालाहरुको तर्फबाट सामूहिक प्रतिबद्धता र सक्रियताको खाँचो औल्याउनु भयो । साथै, आजको दिनले भ्रष्टाचारजन्य गतिविधिबाट पृथक रहन र भ्रष्टाचारजन्य कार्यका विरुद्ध आवाज बुलन्द गरी सदाचार कायम गर्न हामी सबैमा ऊर्जा र प्रेरणा प्रदान गर्ने अपेक्षा गर्नुभयो । भ्रष्टाचार नियन्त्रण गरी एक स्वच्छ, आदर्शमय र समृद्ध समाजको निर्माण गर्न हामी सबै एकजुट हुन आवश्यक रहेकोतर्फ जोड दिनुभयो।यस क्रममा कानून र कार्यविधिको व्यवस्था अनिवार्य रूपमा पालना गर्ने, गराउने, समयमै निर्णय गर्ने, निर्णय नपन्छाउने र तोकिएको कामको जिम्मेवारी र उत्तरदायित्व पूर्णरुपमा लिने पद्धतिलाई सबै तहमा कडाइका साथ लागू गर्ने विषयमा विशेष जोड दिनुभयो।

भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग, न्यायिक निकायहरू, प्रहरी प्रशासनलगायतका निकायहरूको संस्थागत क्षमताको सुदृढीकरण, अनुसन्धान पद्धतिमा निरन्तर सुधार तथा न्याय निरूपणमा संवेदनशीलता जस्ता पक्षमा समेत गम्भीरताका साथ ध्यान दिनुपर्ने खाँचो औल्याउनु भयो।मुख्य सचिवले भ्रष्टाचार सार्वजनिक निकायमा मात्र सीमित नरहेको र गैरसरकारी तथा निजी क्षेत्र समेत भ्रष्टाचारजन्य गतिविधिबाट अछुतो नरहेको औल्याउदै भ्रष्टाचार नियन्त्रण राज्यको कुनै एउटा अङ्ग वा निकायको मात्र जिम्मेवारीको विषय नभएकोले सम्बन्धित सबै निकायको सामुहिक तत्परता, समन्वय र सहकार्य भएमा मात्र यसलाई परास्त गर्न सकिने भएकोले भ्रष्टाचार नियन्त्रणको सन्दर्भमा हामी सबैले Whole of the Government को दृष्टिकोण लिई काम गर्न जरुरी भएको बताउनुभयो ।

कार्यक्रममा ट्रान्सपरेन्सी ईन्टरनेसनल नेपालका अध्यक्ष पद्मिनी प्रधानाङ्गले विधिको शासन र मानव अधिकार प्रबर्द्धनका लागि भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि २००३ को प्रावधान अनुसारका बाँकी कानून र संरचना निर्माण गर्ने कार्य तत्काल अघि बढाउनुपर्ने धारणा राखु भयो । साथै, शासकीय पद्धतिमा सदाचार कायम नगरी भ्रष्टाचार न्युनिकरण हुन नसक्ने भएकोले यसका लागि शासकीय संयन्त्रलाई सुशासनमैत्री बनाउनुपर्ने तथा सार्वजनिक खरिद व्यवस्थापनमा थप सुधार गर्नुपर्ने आवश्यकता औल्याउनु भयो ।
कार्यक्रमका अध्यक्ष तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त प्रेम कुमार राईले भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको नेपाल पक्ष राष्ट्र बनिसकेको सन्दर्भमा यसबाट सिर्जित दायित्व, चुनौती र जिम्मेवारी निर्वाह गर्न विद्यमान कानून, नीति र संरचनामा समयानुकुल सुधार र परिमार्जन गर्नुपर्ने

आवश्यकता औल्याउनु हुदै भ्रष्टाचार विरुद्धका राष्ट्रिय कानून, नीति र रणनीतिको तर्जुमा र प्रभावकारी कार्यान्वयनका लागि भ्रष्टाचार विरुद्ध कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुको समन्वयात्मक प्रयत्न हुन जरुरी रहेको तर्फ जोड दिनुभयो।

नेपालको संविधानले आयोगलाई प्रदान गरेको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्न "भ्रष्टाचारमुक्त र सदाचारयुक्त समाज निर्माण" गर्ने दूरदृष्टि सहितको उपचारात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक र संस्थागत क्षमता विकासको चारखम्बे रणनीति अवलम्बन गरिएको बताउनु भयो । साथै, भ्रष्टाचारयुक्त कार्यको अनुसन्धान र अभियोजनलाई अझ बढी प्रभावकारी बनाउदै जाने क्रममा सूचना प्रविधिको अधिकतम प्रयोग गर्दै जाने नीति अख्तियार गरिएको उल्लेख गर्नुभयो । भ्रष्टाचारको दृष्टिले उच्च जोखिमयुक्त क्षेत्रमा बिशेष निगरानी बढाईएको र जोखिममा आधारित अनुसन्धान पद्धति कार्यान्वयन गर्ने गरिएको बताउनु भयो । भ्रष्टाचारजन्य क्रियाकलापको उजुरी उपर तथ्य र प्रमाणका आधारमा वस्तुगत, दक्षतापूर्ण एवम् प्रभावकारी अनुसन्धान एवम् अभियोजन गरी भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन गर्ने सम्बन्धमा आयोगको प्रतिवद्धता व्यक्त भयो।

भ्रष्टाचार नियन्त्रण तथा सदाचार प्रवर्द्धन गरी सुशासन कायम गर्ने राज्यको नीतिलाई व्यवहारमा रूपान्तरण गर्न र तीनै तहका सरकार, निजी क्षेत्र, नागरिक समाज, संचार जगत् एवम् आम नागरिक समुदाय सबैसँग समन्वय र सहकार्य गर्दै अघि बढ्ने विश्वास र दृढताका साथ सम्पूर्ण सरोकारवालाबाट निरन्तर सहयोग र सहकार्यका लागि आव्हान गर्नुभयो ।

सो अवसरमा आयोगका सचिव डा. राम प्रसाद घिमिरेले स्वागत मन्तव्य राख्नुहुदै आजको यस पावन दिनमा संवैधानिक एवं कानूनी व्यवस्थाको अधीनमा रही राष्ट्रिय प्रतिवद्धता, नीति, रणनीति र कार्ययोजना कार्यान्वयनका लागि आयोग र अन्तर्गतका सम्पूर्ण राष्ट्रसेवकको तर्फबाट अनुशासित, मर्यादित र सच्चा प्रतिवद्धताका साथ मन, वचन र कर्मले निरन्तर लागि पर्ने प्रण गर्नु भयो ।

उक्त कार्यक्रममा सम्बैधानिक निकायका प्रमुखहरु, आयोगका आयुक्तहरु, नेपाल राष्ट्र बैंकका गर्भनर, नेपाल सरकारका विशिष्ट श्रेणीका पदाधिकारीहरु, सुरक्षा निकायका प्रमुखहरु, संघसँस्थाका प्रतिनिधिहरु र सञ्चारकर्मीहरु लगायतको उपस्थिती रहेको थियो ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी